# बुटवल उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

पशुपंक्षी विकास शाखा
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

फोन नं. ०७१-५४०११२, ५४००३५
फ्याक्स: ०७१-५४१२८३
ई-मेल: info@butwalmun.gov.np

प.स. २०७७।०७८
च.न. ५६६८

मिति : २०७७/१२/११

श्री वडा कार्यालय सबै (१-१९ सम्म)
बुटवल उप-महानगरपालिका
बुटवल, रुपन्देही ।

**विषय : सूचना टाँस गरिदिने सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा पशुपंक्षी, माछा पालन गरिरहेका फार्म तथा अन्य कृषकहरुलाई साना कृषि औजार यन्त्र उपकरणमा अनुदान दिने कार्यक्रम रहेको हुँदा यसै पत्रसाथ संलग्न रहेको सूचना बमोजिम जानकारी गराईदिनु हुनका लागि अनुरोध गरिन्छ ।

.....................
झविन्द्र बन्जाडे
पशु चिकित्सक आठौं

# बुटवल उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

फोन नं. ०७१-५४०११२, ५४००३५
फ्याक्स: ०७१-५४१२८३
ई-मेल: info@butwalmun.gov.np


प.स. २०७७/०७८
च.न. ४-६२२

मिति : २०७७/१२/१३

**सूचना । सूचना ॥ सूचना ॥।**

बुटवल उप-महानगरपालिकाको आ.व.०७७/७८ मा विनियोजित लुम्बिनी प्रदेश सरकारको सशर्त अनुदान "कोभिड विशेष कृषि कार्यक्रम" अन्तर्गत तपशिल बमोजिमको कार्यक्रम रहेको हुँदा इच्छुक कृषक/उद्यमी/कृषक समुह/सहकारी/कृषि फर्महरुले आवश्यक कागजात सहित मिति २०७७/१२/२७ गते भित्र कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा कार्यालयको वेबसाइट : www.butwalmun.gov.np बाट डाउनलोड गरी वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ, साथै साना कृषि औजार यन्त्र उपकरणको नाम, ब्राण्ड, मोडेल, क्षमता र मुल्यदर भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशबाट २०७७/१०/२८ मा प्रकाशित विवरण बमोजिम हुनेछ र सोको पुर्ण विवरण यसै सूचना साथ संलग्न छ ।

तपशिल:

| कार्यक्रम | मापदण्ड | अनुदान रकम |
|---|---|---|
| साना कृषि औजार यन्त्र उपकरण अनुदान कार्यक्रम | व्यवसाय दर्ता/पशुपंक्षी पालन गरेको हुनु पर्नेछ । | खर्च विलको ५० % वा रु. ३५,०००/- मा नबढ्ने गरि । |

**संलग्न गर्नुपर्ने कागजातहरु :**

१.कार्यालयले तोकेको ढाँचामा निवेदन ।
२.बुटवल उप-महानगरपालिकामा व्यवसाय दर्ता भए प्रमाणपत्रको प्रतिलिपि ।
३.कार्यक्रम संचालन गर्ने जग्गाको लालपुर्जा वा जग्गा भाडामा लिई व्यवसाय गर्नेको हकमा कम्तिमा तीन वर्षको लागि करार गरिएको सम्झौता पत्रको प्रतिलिपि ।
४.प्रस्तावकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्र र विदेशबाट फर्किएको भए व्यहोरा खुल्ने कागजातको प्रतिलिपि ।
५.सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**समुह/संस्था/फर्मको हकमा थप कागजात पेश गर्नुपर्ने**

१.सम्बन्धित निकायमा दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
२.संस्था/समुहको हकमा अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी ।

थप जानकारीको लागि पशुपंक्षी विकास शाखा (९८४७०३३०१३, ९८६६९४९२९२) मा सम्पर्क गर्न सकिने छ ।

श्री बुटवल उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही ।

मिति.......................

विषय: साना कृषि औजार यन्त्र उपकरण अनुदान कार्यक्रममा प्रस्ताव पेश गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा बुटवल उप-महानगरपालिकाको मिति २०७७/१२/...... गतेको प्रकाशित सूचना अनुसार ५०% लागत साझेदारीमा साना कृषि औजार यन्त्र उपकरण अनुदान कार्यक्रममा सहभागि हुन म/हामी कृषक/कृषक समुह/सहकारी/कृषि फर्म/उद्यमी ले व्यवसायिक रुपमा कृषि कार्यक्रम संचालन गर्न ईच्छुक भएकोले सुचना बमोजिमका सेवा शर्तहरु पालना गर्ने गरी यो निवेदन पेश गरेको छु ।

निवेदकको विवरण:

१. प्रस्तावकको नाम:

२. ठेगाना: बुटवल उप-महानगरपालिका वडा नं.......... टोलको नाम...............................

३. गरिरहेको व्यवसाय:...............................

४. हाल रहेको पशुपंक्षी संख्या:................

५. हाल कोभिड विशेष कृषि सम्बन्धि कुनै कार्यक्रम संचालन छ/छैन । छ भने कुन निकायबाट संचालित छ, खुलाउने...............................

६. प्रस्तावित साना कृषि औजार यन्त्र उपकरणको विवरण:

| क्र.सं. | कृषि औजार यन्त्र उपकरणका नाम | संख्या | ब्राण्ड | मोडेल | क्षमता | मूल्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

संस्थाको छाप:

निवेदकको नाम:

पद:

दस्तखत:

सम्पर्क नं.: